नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :

च.नं. :

मिति: २०८३ वैशाख २५, शुक्रवार

## मनसुन ऋतुको आँकलन सम्बन्धी प्रेस विज्ञप्ति

जल तथा मौसम विज्ञान विभागले सन् २०१३ देखि हरेक वर्ष मनसुन ऋतुको आँकलन गर्दै आएको छ। यो वर्षको मनसुन ऋतुको आँकलन प्रतिवेदनलाई आज विभागले औपचारिक कार्यक्रमको आयोजना गरी सार्वजनिक गरेको छ। उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका माननीय मन्त्री श्री विराज भक्त श्रेष्ठ तथा सचिव श्री सरिता दवाडीको उपस्थितिमा प्रतिवेदन सार्वजनिक गरिएको थियो। कार्यक्रममा, अघिल्लो वर्षको मनसुन ऋतुको आँकलनलाई कृषि र विपद् व्यवस्थापनमा कसरी उपयोग गरियो भन्ने विषयमा पनि प्राविधिक छलफल भएको थियो।

यस वर्षको आँकलन अनुसार, २०८३ को मनसुनमा देशका धेरैजसो ठाउँहरूमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ। अधिकतम तापक्रम र न्यूनतम तापक्रम भने देशभर सरदर भन्दा बढी रहने सम्भावना छ। मनसुन ऋतुलाई यस विभागले निरन्तर अनुगमन गरिरहने छ र आज जारी गरिएको मनसुन ऋतुको आँकलनलाई एक महिना पश्चात पुन: अद्यावधिक गरिनेछ। मौसम ऋतुको आँकलन तथा मौसम पूर्वानुमानलाई आधार मानी आवश्यक पूर्वतयारीमा जुट्नु हुन यस विभाग सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछ।

............................

प्रवक्ता

बबरमहल, काठमाडौं ☎ ०१४२११०५२, ०१४२१५३१६, ०१४२५८२२४, ०१२५८२७६, ०१४२१५१३१ फ्याक्स: ०१४२६४२१९, पो.ब.नं. ४०६
ईमेल: dg@dhm.gov.np वेब: www.dhm.gov.np